# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

*India's National Spiritual Newspaper*

₹ 10/-

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE

REACHING NATIONS

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ

16 Languages

Associate Editors : Bro. BHUVAN DEVKODA
Bro. RAJ KUMAR BHANDARI

Vol. XXIII | APRIL 2023 | No. 04


**पवित्र बाइबल**

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**

**परमप्रभुको प्रशंसा**

**भजनसंग्रह ११३:१-९**

१. परमप्रभुको प्रशंसा गर । हे परमप्रभुका सेवक हो, प्रशंसा गर । परमप्रभुको नाउँको प्रशंसा गर ।

२. परमप्रभुको नाउँको अहिलेदेखि लिएर सदासर्वदासम्मै प्रशंसा भइरहोस् ।

३. सूर्योदयदेखि सूर्यास्तसम्मै परमप्रभुको नाउँको प्रशंसा गर्नुपर्दछ ।

४. परमप्रभु सबै जाति-जातिहरूमा उच्च हुनुहुन्छ र उहाँको महिमा स्वर्गभन्दा उच्च छ ।

५. परमप्रभु हाम्रा परमेश्वरको समान को छ र ? उहाँ, जो उच्च स्थानमा विराजमान हुनुहुन्छ,

६. जो आकाश र पृथ्वीमाथि दृष्टि गर्न निहुरनुहुन्छ ।

७. कङ्गालीहरूलाई खरानीको थुप्रोबाट उहाँले उठाउनुहुन्छ र दरिद्रहरूलाई घुरानबाट उचाल्नुहुन्छ ।

८. उहाँले तिनीहरूलाई राजकुमारहरूसँग र आफ्नै प्रजाका राजकुमारहरूका साथमा बसाल्नुहुन्छ ।

९. बाँझी स्त्रीलाई छोराछोरीका सुखी आमाको रूपमा स्थिर गरिदिनुहुन्छ । परमप्रभुको प्रशंसा गर ।

# साँचो जागृति REAL REVIVAL!

## हाम्रो मुख्य मण्डलीमा पास्टर एस. साम सेल्भाराजले दिनुभएको सन्देश

खीष्टियान वृत्तमा बृहत् रूपमा प्रयोग भएको जागृति शब्द जब मैले मेरो बाइबलमा खोजें, मैले त्यो शब्द पाउन सकिनँ । **जागृति** भन्ने शब्दको अध्ययन आफैंमा ठूलो सिकाइ हो । भारतमा जब मानिसहरूले आत्मिक जागृतिको बारेमा कुराकानी गर्छन्, तब यसले सामान्यतया: सुसमाचार भेला, जागृति भेला र क्रुसेड भनेर बताउँछ । केही देशहरूमा यस्ता बैठकहरूलाई "जागृति" भनिन्छ । आज मैले तपाईंसँग बाँड्न चाहेको सन्देशचाहिँ प्रभुले "पछिल्लो वर्षा" को रूपमा खन्याउनुभएको छ, क्रान्ति वा आत्मिक जागृति, जुन प्रभुले बाहिर ल्याउनुभएको छ ।

"जागृति" भन्ने शब्द ल्याटिन भाषाबाट लिइएको हो भनेर हामीले थाहा गर्न सक्छौं । अंग्रेजीमा यसको अर्थ "पुन: उठ्नु" हो । "भिभो" को अर्थ "जीवन दिइनु" वा "पुन: जीवन पाउन" अथवा "जीवनमा आउनु" हो । यसको अर्थ कोही व्यक्ति मृत्युको मुखबाट पुन:जीवनमा आउनु हो । यसको अर्थ मृतकलाई जीवित पार्नु होइन तर चल्न नसकेको व्यक्तिलाई पुन: उठाउनु हो । जब कोही व्यक्तिलाई हृदयघात हुन्छ, उसको मुटुले काम गरिरहन रोक्न सक्छ । तर उसको मुटुलाई आकस्मिक उपचारबाट जागृत गरिन्छ । जीवनमा फिर्ता ल्याउने यो तरिकालाई **जागृति** भनिन्छ । स्वर्गीय रेभ. एस. देभादासनको "उहाँको आगमनको सन्देश" सेवकाइको फल म पनि

*....Contd. to page 3*

**बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल**



## यूट्यूब खीष्टियान च्यानल

**तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।**


**५ मिनेटको सन्देश**

**अंग्रेजी र हिन्दी, तामिल र तेलगू**

**हरेक दिन: बिहान ५ बजे**

**तामिल आइतवार सेवा: बिहान ८:३० बजे**

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



REACHING NATIONS

# तपाईंको प्रिय भाइबाट....

"...म तिमीहरूलाई देशका उच्च स्थानहरूमा सवार गर्ने तुल्याउनेछु र तिमीहरूलाई तिमीहरूका पुर्खा याकूबको उत्तराधिकारबाट भोज खुवाउने तुल्याउनेछु..." (यशैया ५८:१४) ।



## हाम्रो मिसन नीति

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।

CHIEF EDITOR
Angeline Selvakumari Henry, M.A., M.Ed.
MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.
ADMINISTRATION
Bro. N. Prakasam, M.A., General Manager
EDITORIAL BOARD
Sis. Jesy Veena Sam
Sis. Serena Bevin, M.A., M.Phil., B.Ed.
Dr. A. Richard Samuel, M.A., Ph.D.
Rev. Dr. K.R. Rajasekaran

EDITOR, PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 95661 31858

CORE LEADERS
Bro. K. Puratchivendan
Dr. Rabinder Boaz, M.S.
Bro. A. Edward Durai
Bro. A. Alvin
Bro. K. Abraham
Sis. Dhanalakshmi Chinnaiah

E.mail ID
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
WEBSITES
www.echoofhiscall.org
www.stpaulsmatriculation.com
YOUTUBE CHANNEL
Echo of His Call

प्रभुमा प्रियहरू,

धेरै असल थोकहरू तपाईंकहाँ आउनेछ। खुसी हुनुहोस्।

संसारमा सुसमाचार तीब्र गतिमा बढिरहेको छ। सुसमाचारको फैलावटको लागि हामीले मात्रै काम गरिरहेका छैनौं। धेरै मण्डलीहरू र विभिन्न खीष्टियान संस्थाहरूले आफ्ना कार्यक्षेत्रमा आफ्ना परमेश्वरका जन पठाएका छन् र मानिसहरूलाई पाप, रोग र गरिबीबाट छुटकारा दिएका छन्। हामीले निरन्तर रूपमा यी संस्थाहरू र मण्डलीहरू र परमेश्वरका सेवकहरूका लागि पनि प्रार्थना गरिरहनु पर्छ। हामीले सक्ने जति उहाँहरूलाई सहायता पनि गर्नुपर्छ। मण्डलीका सिद्धान्तहरू सम्बन्धित सबै प्रकारका विभेद हामीले बिर्सनुपर्छ र नष्ट गर्नुपर्छ र एउटै सेनाको रूपमा मिलेर खडा हुनुपर्छ।



*Dedication of new Church*

यो वर्ष जनवरी २६ मा **नहेम्याह बाइबल कलेजका** हाम्रा पुरानो विद्यार्थी पास्टर जे. राजामनी र उहाँको पत्नी पास्टर आर. विमललाई पालाभर्काडूमा पास्टरहरूका रूपमा नियुक्त गरिएको थियो। सो सेवा अत्यन्तै आशिषमय भएको थियो। त्यहाँ भएको मण्डली र विश्वासीहरूलाई परमेश्वरले आशिष् दिनुहुनेछ भनेर हामीले प्रार्थना गरौं। भारतका गाउँहरूमा भएका परमेश्वरका सारा सेवकहरू र मण्डलीहरू समृद्ध र खडा हुनुपर्छ। हामीलाई थाहा छ कि भारतमा ७००,००० गाउँहरू छन्। हामी जसरी भए पनि सुसमाचारको साथमा सुसमाचार नपुगेका स्थानहरूमा पुग्नु परेको छ।

## बोलावटको प्रतिध्वनि परिवारको जिम्मेवारी:

मानिसहरूलाई विनाशबाट छुटकारा दिलाउन र सही मार्गमा तिनीहरूलाई डोऱ्याउन इमानदारपूर्वक काम गर्ने परमेश्वरका सेवकहरू अत्यन्तै धेरै सताइएका छन्। हामीले यस्ता मानिसहरूको आधारभूत आवश्यकता पूरा गर्नुपर्दछ। दियाबलसले उहाँहरूलाई दुवै भौतिक र आत्मिक रूपमा आक्रमण गरिरहेको छ। तपाईंले आफ्नो पैसा र भौतिक सहायताको



*Echo of His Call key leaders*

Our Ministries: ECHO OF HIS CALL Monthly Magazines (16 languages) ☼ BIBLECOR - Postal Courses (3 languages) ☼ Media Ministry ☼ Online Courses ☼ Theological Correspondence Courses (2 languages) ☼ Church Planting ☼ Nehemiah Bible Colleges ☼ Gospel Printing Press ☼ Great Commission Partners ☼ St. Paul's Matriculation School ☼ Crusades ☼ Community Development



***Servant of God engaged in evangelism***

साथमा तपाईंले चिन्ने त्यस्ता परमेश्वरका सेवकहरूलाई सहायता गर्नुहोस् । धनी भएका धेरै परमेश्वरका सेवकहरूले सुरुमा आफूसँग भएको आफ्नो बोलावट र दर्शन गुमाएका छन् । अब तिनीहरू आफ्नो आरामदायी कुराहरू वृद्धि गर्न र सम्पत्ति किन्न संलग्न पनि भएका छन् । सेवकाइको नाउँमा तिनीहरूले ठूला भवनहरू निर्माण गरेका छन्, जुन वास्तविक आवश्यकता होइन र त्यसकारण तिनीहरू आफ्नो मार्गमा अलमलिरहेका छन् । कृपया यस्ता मानिसहरूलाई सहायता गर्न रोक्नुहोस् र परमेश्वरको निम्ति आत्मा जित्न साँचो रूपमा मेहेनेत गर्नेहरूलाई सहायता गर्नुहोस् । त्यस्ता परमेश्वरका सेवकहरू खोज्नुहोस् र तिनीहरूका प्रयासमा तिनीहरूसँग काँधमा काँध मिलाउनुहोस् । परमेश्वरले तपाईंलाई आशिष् दिनुहुनेछ ।

ख्रीष्टबिना करोडौंभन्दा करोडौं मानिसहरू नरकतिर गइरहेको अवलोकन गर्ने परमेश्वरका धेरै सेवकहरू छन् । तीमध्ये केहीले ख्रीष्टको दोस्रो आगमनको बारेमा पनि प्रचार गर्छन् र कुनै पनि समयमा ख्रीष्टको आगमनको आशा गर्न मानिसहरूलाई निर्देशित गर्छन् । तर तिनीहरूसँग दीर्घकालीन योजनाहरू र अनुमानित करोडौं रुपैयाँको ठूलो भवन निर्माण गर्ने योजना र विभिन्न आर्थिक योजनाहरू अगाडि बढाउँछन् । के यो आवश्यकत छ ? के यो चलाखीपूर्ण छल होइन र ? के मण्डलीका अगुवाहरूले यस्तो गर्न सक्छन् ? कृपया यसको बारेमा सोच्नुहोस् र नयाँ आत्माको लागि साँचो बोझको साथमा वास्तवमा परमेश्वरको सेवा गर्न परमेश्वरका गरिब दासहरूलाई सहयोग गर्नुहोस् ।

आफ्नो साथमा साइकल पनि भएका प्रचारहरू र राम्रो छत र भूईं पनि नभएका साना मण्डलीहरू र आफ्नो अर्को छाक टार्न परमेश्वरबाट आशा गर्ने परमेश्वरका सेवकहरूको खोजी गर्नु अत्यन्तै बुद्धिमानी हुन्छ । हामी अरूबाट छलमा नपर्न सावधान हुनुपर्छ ।

केही मानिसहरूले छलपूर्ण योजना बनाउँछन्, जुन तिनीहरूले आफ्नो पेशाबाट सिकेका छन् । तिनीहरूले आफूले बेच्ने उत्पादनहरूको सूचीमा परमेश्वर र उहाँको सेवकाइ समावेश पनि गर्छन् र तिनीहरूका आफ्नै व्यवसायझैं सेवकाइ गर्छन् । कृपया यस्ता मानिसहरूलाई पहिचान गर्नुहोस् र बुद्धिमानीपूर्वक काम गर्नुहोस् । हामी निश्चय नै तपाईंको निम्ति प्रार्थना गर्छौं ।

हामीले नहेम्याह बाइबल कलेजको मापदण्ड बढाउने र परमेश्वरका धेरै सेवकहरूलाई तालिम दिने र बि.टिएच. डिग्री कार्यक्रम पनि अगाडि ल्याउने निर्णय गरेका छौं । सुरुवात गर्न हामीले बि.टिएच. अनलाइन कार्यक्रम सुरु गर्न लागेका छौं । तपाईंको आफ्नो मण्डलीहरूमा र तपाईंले चिनेका मानिसहरूका बीचमा र भर्ना हुन हामीसँग धेरै विद्यार्थीहरूलाई निर्देशित गरेर यसको बारेमा बताउन हामी तपाईंलाई प्रेमपूर्वक आग्रह गर्दछौं । यस कुरामा तपाईंको विचार र सल्लाहहरूको आशा हामी गर्दछौं । अधिक जानकारीको लागि कृपया हामीलाई सम्पर्क गर्नुहोस् । प्रभु येशूले तपाईंलाई आशिष् देऊन् ।

ख्रीष्ट येशूमा तपाईंका सेवकहरू,
*पास्टर एस. साम सेल्भाराज र एलेक्स सामसन साम*
(+91) 98412 71858 / 98410 71858,
E.mail : samselvaraj333@gmail.com

पृष्ठ १ बाट

हुँ । यहाँ, मलाई उहाँको आगमनको सन्देशको फलको रूपमा मलाई परिचय गराइएको कुरा तपाईंले सुन्नुभयो । पवित्र आत्माको फल “जागृति” हो वा यो पवित्र आत्माद्वारा आउँछ भनेर हामीले बताउन सक्छौं । जब पवित्र आत्माले काम गर्नुहुन्छ, हामीले जागृति प्राप्त गर्न सक्छौं । यो मानिसको कार्य होइन तर यो प्रभुको कार्य हो । जागृति कहिल्यै पनि परमेश्वरलाई मन नपराउने मानिसहरूका बीचमा हुँदैन ।

जागृतिले सुस्त भएका सन्तहरूलाई पखेटाहरू दिन्छ र फेरि परमेश्वरको अघि आउने बनाउँछ । यसले पछि हटेका मानिसहरूलाई होसमा आउन र पुनः सही मार्गमा आउन सहायता गर्छ । समाजमा परमेश्वरको उपस्थितिलाई देखाउन जागृतिले सहायता गर्छ र परमेश्वरको राज्यको बारेमा राष्ट्रहरूको बेवास्तापनालाई हटाउन सहायता गर्छ र यसले अलौकिक विकास बाहिर ल्याउँछ ।

विष्फोटमय जागृतिको निम्ति प्रायः प्रार्थना पर्याप्त हुँदैन तर हामीलाई निरन्तर र असामान्य प्रार्थनको आवश्यकता हुन्छ । साँचो जागृति आधुनिक सांगीतिक साधनहरू वा धेरै आवाज निकालेर वा सृजनात्मक नाचबाट बाहिर ल्याउन सकिँदैन । हाम्रा टेकिएका घुँडाहरूबाट यो खडा हुन्छ । चेन्नाइको सहर धेरै ठूलो संख्यामा भएको मण्डलीले आशिषित बनेको छ । तर केही क्षेत्रहरूमा अझै पनि सुसमाचार पुगेको छैन । एक पटक हाम्रो मुख्य मण्डली **बोलावटको प्रतिध्वनि** क्षेत्र त्यस्तै प्रकारको ठाउँ थियो । प्रभुको सुसमाचारद्वारा कोही पनि मानिस यो क्षेत्रमा सुसमाचार लिएर जान सक्दैन भन्ने निष्कर्षमा परमेश्वरका धेरै सेवकहरूले निकालेका थिए । तर परमेश्वरको सुसमाचारद्वारा यो बेवास्ता गरिएको स्थानमा जान उहाँले मलाई बोझ दिनुभयो । यसलाई पूरा गर्न हामीलाई धेरै प्रार्थना र अनुगमनको खाँचो थियो । अन्त्यमा, प्रभुले जागृति खन्याउनुभयो । विनाशतिर गइरहेका ठूलो संख्याका मानिसहरूले प्रभुको सुसमाचारबाट प्रभुलाई भेटेका थिए । मण्डली अस्तित्वमा आयो । पिता, पुत्र र पवित्र आत्माको नाउँमा धेरै मानिसहरूले बप्तिस्मा लिए र ती मानिसहरू मण्डलीमा थपिएका थिए ।

यो जागृतिको कारणले हाम्रो क्षेत्र नजिकै भएका धेरै दुष्टको स्रोत भएका पारागन सिनेमा थिएटर, न्यू एल्फिनस्टोन सिनेमा थिएटर, विलिङटन सिनेमा थिएटर, स्टार सिनेमा थिएटर आदि नष्ट भएको थियो र तिनीहरूका स्थानमा

नयाँ भवनहरू निर्माण भएका थिए । खराब बानीमा रहेका, हिंसात्मक कार्य गर्ने र लागुपदार्थमा परेकाहरू र विनाशकारी कार्यमा रहेका धेरै मानिसहरूको हृदय परिवर्तन भएको थियो, तिनीहरूले जीवित परमेश्वरलाई अंगाले, हाम्रो मण्डलीमा सहभागी भए र प्रभुमा शक्तिशाली गवाहीको रूपमा जिए ।

अब, यो जागृति अस्थायी हो वा होइन भनेर हाम्रो निम्ति विचार गर्नुपर्ने भएको छ ? अथवा स्थायी ? यो कसरी स्थिर रहन सक्छ ?

यो संसारमा धेरै देशहरूमा यस्ता जागृतिहरू भएका थिए । उदाहरणको लागि, स्कटल्याण्ड र कोरिया । परमेश्वरका जन जोन नक्सले स्कटल्याण्डको जागृतिको निम्ति निरन्तर प्रार्थना गरे । प्रभुले ठूलो जागृति पठाउनुभयो । त्यसको परिणामस्वरूप, ठूलो संख्याका मानिसहरूले प्रभु येशू खीष्टलाई आफ्नो व्यक्तिगत मुक्तिदाताको रूपमा स्वीकार गरे । देशले प्रगति गरेको थियो । आर्थिक समृद्धि भएको थियो । ठूलो संख्यामा मण्डली निर्माण भएको थियो । हरेक स्थानमा प्रार्थना सभा र आत्मिक क्रियाकलापहरू हुनथ्यो । ठूलो संख्याका युवा युवतीहरूले पश्चात्ताप गरे र प्रभुको नजिक आए, आफ्ना आरामदायी जीवन इन्कार गरे र मिसनरीको रूपमा संसारमा भएका विभिन्न देशहरूमा गए र सुसमाचार फैलाए । यसको कारणले गर्दा भारतमा र अन्य देशहरूमा ठूलो संख्यामा मण्डलीहरू, स्कुलहरू र अस्पतालहरू निर्माण भएको थियो । तर आज यो देश (स्कटल्याण्ड) को अवस्था कस्तो छ ?

जब हालैमा मैले यो देश भ्रमण गरें, खीष्टियान विश्वास अभ्यास गर्ने मानिसहरूको संख्या अत्यन्तै कम भएको थाहा पाएर म अचम्ममा गरें । धेरै मानिसहरू येशू खीष्टविना नै जिइरहेका छन् । धेरै अग्ला मण्डलीहरू अविश्वासीहरूको हातमा बेचिएका छन् र मूर्तिपूजाको स्थान, विनाशकारी सामानहरूका निम्ति व्यापारको केन्द्र, मदिरा देखाउने स्थान, नाच्ने हल, नाटक मञ्च, अश्लील फिल्म बनाउने केन्द्रहरू र यहाँ अभिलेख नै गर्न नसकिने थोकहरूका निम्ति केन्द्रको रूपमा प्रयोग भएको छ । अझै दयनीय कुराचाहिँ यी भवनहरूमा अझै पनि क्रूसको चिन्ह छ ।

स्कटल्याण्डमा ठूलो हलमा मानिसहरूलाई परमेश्वरको वचन प्रचार गर्न मलाई परमेश्वरको जनले निम्त्याउनुभएको थियो । मलाई निम्तो दिँदै गर्दा उहाँले यस्तो भन्नुभएको थियो, “पास्टर, यी मानिसहरूलाई येशू खीष्ट अथवा खीष्टियान विश्वासको बारेमा केही पनि थाहा छैन । हाम्रो जीवित येशू खीष्टको परिचय तपाईंको सन्देश बनोस् ।” यो सुन्दै गर्दा अत्यन्तै अचम्मलाग्दो भए पनि जब मैले हाम्रो प्रभु येशू खीष्टको बारेमा भएका आधारभूत सत्यताको बारेमा सुसमाचार प्रचार गरें, त्यो देशका ठूलो संख्यामा भएका मानिसहरूले पश्चात्ताप गरे र आफ्नो व्यक्तिगत मुक्तिदाताको रूपमा प्रभु येशू खीष्टलाई स्वीकार गर्न आँसुको साथमा अगाडि आए । त्यो अचम्मको क्षण थियो ।

तिनीहरू पछि फर्कनुको कारण के थियो ? तिनीहरूले आफ्नो पहिलो प्रेम गुमाएका थिए । सांसारिक शिक्षा, आर्थिक समृद्धि, खेलमय जीवन, लागुपदार्थ, आदिले तिनीहरूका मनलाई सुस्त बनाएको थियो र प्रार्थनाको जीवनलाई अनौठो कुरा विचार गर्ने बनाएको थियो । तिनीहरू आफ्ना जीवनमा पवित्रताबाट बिराना पनि भएका थिए ।

यसको विपरीत, कोरियालाई हेर्नुहोस्, जसले जागृतिको गवाही दिन्छ ।

जब कोरिया आर्थिक, शिक्षा र संस्कृतिमा तल्लो अवस्थामा थियो, परमेश्वरले पावल-योङ्गी-चूलाई खडा गर्नुभयो । परमेश्वरले तिनको प्रार्थना सुन्नुभयो र शक्तिशाली जागृति पठाउनुभयो । जागृतिको कारण देश संसारको क्षेत्रमा आर्थिक र शैक्षिक कुरामा अत्यन्तै तिव्रताका साथ वृद्धि भयो । परमेश्वरका जन र परमेश्वरका मानिसहरूले पवित्र जीवनलाई अभ्यास गर्दै र निरन्तर प्रार्थना गर्ने कुरालाई निरन्तर महत्व दिए । हरेक दिन सबै मण्डलीहरूलाई प्रार्थना उचालिन्छ । ठूला प्रार्थनाका केन्द्रहरू निर्माण गरिएका छन् र दिन र रातको समयमा निरन्तर प्रार्थना

....Contd. to page 6

NEHEMIAH BIBLE
RESIDENTIAL / EVENING COLLEGE,
Velachery / Chepauk & Santhoshapuram, Chennai.
Medium : Hindi / Tamil
Registered Candidate for Membership
Asia Theological Association (ATA)
Recognised by International Christian Leaders & Senior Pastors for the past 53 years
Certificate in Theology : One year
Diploma in Theology : Two years
Qualification : 10th Standard & above
Rush for admission!
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org
★ ONLINE CLASSES ARE AVAILABLE ★

# महान् आज्ञा सहयोगीहरु

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1969

**बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)**

**प्रार्थनाको अनुरोध**    **प्रशंसा र प्रार्थनाको बुँदा: अप्रिल १९ देखि मई १८ सम्म**

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

## परमेश्वरलाई प्रशंसा गरौं...

अप्रिल १९: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरू र उहाँका परिवारहरूप्रति उहाँको कृपाको निम्ति ।

अप्रिल २०: १६ वटा भाषामा भएका हाम्रा प्रकाशनहरूका निम्ति उहाँको आशिष्को निम्ति, जुन हाम्रो छापाखानामा छापिन्छन् र मिसनको क्षेत्रहरूमा पठाइन्छन् ।

अप्रिल २१: अस्बुरी जागृतिद्वारा अन्तिम वर्षाको साथमा अमेरिकालाई आशिष् दिन ।

अप्रिल २२: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराजको सेवकाइको भ्रमणको निम्ति आशिष् ।

अप्रिल २३: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराजको **५ मिनेटको यूट्यूब सन्देशद्वारा** गवाहीहरू खडा भएका ।

अप्रिल २४: हाम्रो **सेन्ट मेट्रिकुलेसन स्कुल, नहेम्याह बाइबल कलेजका** सम्पूर्ण क्रियाकलापहरूका निम्ति ।

अप्रिल २५: हाम्रो सेन्ट मेट्रिकुलेसन स्कुलका विद्यार्थीहरूले आफ्नो १० कक्षाको परीक्षा सफलतापूर्वक पूरा गर्न आशिष्को लागि ।

अप्रिल २६: योग्य नयाँ कर्मचारीहरू नियुक्त गर्न हाम्रो संस्थालाई आशिष् दिन ।

अप्रिल २७: हाम्रा सम्पूर्ण सहसम्पादकहरू र उहाँका परिवारका सदस्यहरूका निम्ति ।

अप्रिल २८: नयाँ बि.टिएच. अनलाइन कोर्स सुरु गर्न हाम्रो **नहेम्याह बाइबल कलेजलाई** आशिष् दिन ।

अप्रिल २९: हाम्रो **बाइबलकोर** (बाइबल पत्राचार कोर्सहरू) र **ईश्वरशास्त्रीय पत्राचार कोर्सहरूमाथि** आशिष्को लागि ।

अप्रिल ३०: हाम्रो सेवकाइका यात्राहरूमा आशिष्को लागि ।

मई १: हाम्रो संस्थाका हाम्रा कर्मचारीहरू र उहाँका परिवारहरूमाथि आशिष् र सुरक्षाको निम्ति ।

मई २: सम्पूर्ण दुष्ट शासनबाट हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारलाई सुरक्षा दिनुभएको निम्ति ।

मई ३: हाम्रो सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलको रजत महोत्सवको वार्षिकोत्सव मनाउँदा दिनुभएको आशिष्को निम्ति ।

## कृपया प्रार्थना गरौं...

मई ४: लामो समयदेखि दीर्घकालीन रोगहरूका साथमा अस्पतालमा बिरामी भएका विश्वभरिका बिरामीहरूका निम्ति ।

मई ५: **Echo of His Call** यूट्यूब च्यानलको निम्ति नयाँ सस्क्राइबरहरूका निम्ति ।

मई ६: उत्तर भारतका हाम्रा मिसनरीहरू र उहाँका परिवारहरूका निम्ति ।

मई ७: सेवकाइहरू र मिसनरीहरूका विरुद्ध हिंसा रोकिएको होस् ।

मई ८: सबै प्रकारका दुष्ट शक्तिहरूबाट हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारका सदस्यहरूको सुरक्षित जीवनको निम्ति ।

मई ९: ३ जून २०२३ मा हुने हाम्रो **नहेम्याह बाइबल कलेजको** दीक्षान्त समारोहको निम्ति ।

मई १०: सबै मण्डलीहरू आत्मा जितून् र जागृति आएको होस् ।

मई ११: हालैको भूकम्पको नोक्सानीबाट टर्की र सिरिया निस्कन सकून् ।

मई १२: हाम्रो सुसमाचारीय छापाखाना र त्यसको नियमित क्रियाकलापहरूका निम्ति ।

मई १३: हाम्रो सेवकाइहरूको आर्थिक आवश्यकताहरूका निम्ति प्रार्थना गरौं ।

मई १४: **हाम्रो नहेम्याह बाइबल कलेजको** बि.टिएच. अनलाइन कोर्समा योग्य विद्यार्थीहरूको भर्नाको निम्ति ।

मई १५: शैक्षिक सत्र २०२३-२४ को निम्ति हाम्रो **सेन्ट मेट्रिकुलेसन स्कुलको** निम्ति नयाँ विद्यार्थीहरूको भर्नाको निम्ति ।

मई १६: शैक्षिक सत्र २०२३-२४ को निम्ति हाम्रो आवासीय र साँझको **नहेम्याह बाइबल कलेजको** निम्ति योग्य विद्यार्थीहरूको भर्नाको निम्ति ।

मई १७: हाम्रो संस्थाका कर्मचारीहरू एकै मन र एकतामा काम गरून् ।

मई १८: हाम्रा सम्पूर्ण सहसम्पादकहरू र उहाँका परिवारहरूका निम्ति ।

....Contd. from page 4

भइरहेको हुन्छ । यी निरन्तरका प्रार्थनाद्वारा सुबास्नाका गन्ध स्वर्गमा निरन्तर पठाइन्छ ।

यहाँका परमेश्वरका सेवकहरूले आफ्नो पहिलो प्रेम, प्रार्थनाको निम्ति तिर्खा, तिनीहरूका शुद्धता र जागृतिको प्रभावका परिणामहरू गुमाएका थिएनन् र त्यसलाई पूर्णरूपमा बचाएका थिए । यसको कारण कोरिया राम्रो देश बनेको छ । म दक्षिण कोरियाको बारेमा कुरा गरिरहेको छु । यहाँबाट धेरै परमेश्वरका जनहरू आएका छन् र संसारलाई उलटपुलट गरिरहेका छन् भन्नु बढाइचढाइ नगरिएको हुन सक्छ ।

त्यसैले, शक्तिशाली जागृतिको खन्याइको निम्ति इमानदार पश्चात्ताप र निरन्तर प्रार्थनाचाहिँ आवश्यक भएका कुराहरू हुन् । यो जागृतिलाई सुरक्षित राख्न देशको निम्ति निरन्तर प्रार्थना गर्ने परमेश्वरप्रति समर्पित भएका मानिसहरूको समूहको पनि आवश्यक हुन्छ । हामी कमजोर भयौं भने जागृतिको आगो पनि निभ्न सक्नेछ । बेदीमा भएको आगो निरन्तर जल्न देऔं ।

## साँचो जागृतिको दुई पक्षहरू

**१. परमेश्वरका मानिसहरूका बीचमा जीवित जागृति**

**२. परमेश्वरको उपस्थितिको पुनर्स्थापना**

## १. परमेश्वरका मानिसहरूका बीचमा जीवित जागृति

निरन्तरको प्रर्थनाले अलौकिक जागृति बाहिर ल्याउनेछ । सन्त पावलले मानिसहरूलाई जोड दिन्छन्, **"यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर... आफ्नो मनमा नयाँ भई पूर्णरूपले परिवर्तित होओ..."** (रोमी १२:१,२) । अहिले मण्डली र खीष्टियान संस्थाहरूमा प्रेरितीय आत्मिक अनुभवहरूलाई जाऊ भनिन्छ, बरु नवीनता र आधुनिकता प्रबल हुन्छ । वर्तमानको दिनमा उपवास प्रार्थना आश्चर्यकर्म हुने बैठकमा परिणत भएको छ र देशहरूका निम्ति जागृति प्रार्थना बैठकहरू पैसा कमाउने स्थानमा परिणत बनेको छ । देशको निम्ति प्रार्थना गर्ने बोझको साथमा प्रार्थनाको बैठकमा सहभागी भएका मानिसहरूले नम्रता र निरन्तर प्रार्थना गर्नुपर्छ कि हाम्रो प्रभुले तिनीहरूको प्रार्थना सुनून् र जवाफ देऊन् । अनि हिंसा, भ्रष्टता र श्राप पूर्णरूपमा उन्मूलन भएको होस् र हाम्रो देशमा शान्ति र समृद्धि प्रबल भएको होस् ।

हाम्रा देशमा साँचो आत्मिक जागृति आउनको निम्ति सबैभन्दा पहिले परमेश्वरका सन्तानहरूले आफ्नो जीवन परमेश्वरको इच्छामा समर्पित गर्नुपर्छ र आफ्नो मनमा नयाँ भई रूपान्तरण हुनुपर्छ ।

यसको विपरीत, केही नयाँ काम गर्ने धुनमा, आजका मण्डलीहरूले मानिसहरूका अघि गलत कुराहरू परिचय गराएका छन् र आफ्ना लक्ष्यहरू प्राप्त गर्नको निम्ति त्यसलाई सूचीकृत गर्ने र त्यसलाई महान् जागृतिको रूपमा घोषणा गरेका छन् । मानिसहरूको जीवनमा परिवर्तन नआएसम्म तिनीहरूका प्रार्थना, संगीत र नाचहरू, समृद्धिको प्रचार, आकर्षक मञ्चहरू र सृजनात्मक सेवकाइका योजनाहरू स्पष्ट रूपमा व्यर्थ हुन्छन् । कोही पनि व्यक्ति आजको दिनको अत्यन्तै राम्रो परमेश्वरको सेवकहरूका नजिक जान्छ, उसले तिनीहरूका हृदयमा पैसाको निम्ति नधोइएका विनाशकारी लालच, घमण्ड, स्वार्थजस्ता खराब कुराहरू पाउन सक्छ, जसले दुर्गन्ध फैलाउँछ । केही मानिसहरूले परमेश्वरको मण्डलीको बिस्तारलाई एकातिर राख्छ र भन्छ, "मेरो मण्डली", "मेरो सेवकाइ", "मेरो मिसनरीहरू", "मेरो बगैंचा", "मेरो धरहरा", आदि । यो व्यवहार हट्नुपर्छ र हेर्नुहोस्, हामीमा प्रभुले के देख्नुहुन्छ । जब परमेश्वरको सेवकले सेवकाइको आवरणमा केही कुरा निकाल्ने विचारको साथमा अर्कोलाई भेट्छ, तब त्यो एकतर्फी व्यापारको बैठकमा परिणत हुन्छ भन्ने कुरा अचम्मलाग्दो हुन्छ ।

बाँकी पृष्ठ ९ मा


**ST. PAUL'S MATRICULATION SCHOOL**

**Medavakkam, Chennai.**
**Division of ECHO OF HIS CALL**

***needs Christian Teachers & Staff for the following categories / jobs:***

- Physical Education
- Maths
- Physics
- Chemistry
- Security staff &
- Sub staff
- Kindergarten
- Hindi
- English
- Secondary Grade

Phone & WhatsApp
No. **98410 71858**

## हाम्रो मुख्य कार्यालयमा भएका हाम्रा सेवकाइहरूका निम्ति प्रार्थना गरिदिनुहोस्

१. प्रार्थना सभाः : चौबीसै घण्टा
२. **बाइबलकोर** - बाइबल करेस्पोस्डेन्स् कोर्सेसः अङ्ग्रेजी, हिन्दी र तमिल
३. **बोलावटको प्रतिध्वनि** मासिक पत्रिकाः अङ्ग्रेजी, तामिल, मलायाम, तेलुगू, हिन्दी, कन्नाडा, मराठी, गुजराती, बङ्गाली, उरिया, नेपाली, असामी, पंजाबी, उर्द्धू, सिन्हाला र अफ्रिकी भाषामा।
४. नहेम्याह बाइबल कलेज (दुई केन्द्रहरू) (साँझ / आवासीय)
५. ईश्वरशास्त्र पत्राचार कोर्सः तामिल र अङ्ग्रेजी
६. महान् आज्ञाका साझेदारहरू (पास्टरहरूको सञ्जाल)
७. तालिम कार्यक्रम
८. क्रुसेडहरू
९. साहित्य वितरण र अनुगमन
१०. सुसमाचार छापाखाना- प्रकाशन
११. सेन्ट पावल मेट्रीकुलेसन विद्यालय- भिलेज अंग्रेजी हाई स्कुल

| | |
|---|---|
| १२. बालसंगति | आइतवार बिहान ८:३० बजे र दिउँसो ४:०० बजे |
| १३. **तमिल सेवाः** | **बिहान ८:०० बजे र १०:०० बजे आइतवार** |
| १४. **हिन्दी सेवाः** | **आइतवार साँझ ४:०० बजे** |
| १५. **तेलगू सेवाः** | **आइतवार साँझ ५:०० बजे** |
| १६. **अङ्ग्रेजी र तमिल सेवाः** | **आइतवार साँझ ६:०० बजे** |
| १७. पास्टरीय परामर्शः | आइतवार बेलुका ७: ३० बजे |
| १८. स्त्रीहरूको प्रार्थनाः | बुधवार बेलुका ५:३० बजे |
| १९. मध्य-साता बाइबल अध्ययनः | बुधवार साँझ ६:३० बजे |
| २०. पुरुषको प्रार्थनाः | शुक्रवार साँझ ७:०० बजे |
| २१. चेलापन बैठकः | शनिवार साँझ ६:०० बजे |
| २२. घरेलु संगतिः | साँझ ६:३० मंगलवार र बिहीवार |
| २३. विशेष पवित्र प्रभुभोजः | प्रत्येक महिनाको पहिलो दिन ५:३० बजे |
| २४. सेवकाइ पुनरावलोकन बैठकः | पहिलो शनिवार साँझ ५:३० बजे |
| २५. अभिभावकको प्रार्थनाः | पहिलो आइतवार साँझ ४:०० बजे |
| २६. रात्री प्रार्थनाः | दोस्रो शुक्रवार राती ९:३० बजे |
| २७. उपवास प्रार्थनाः | तेस्रो शनिवार बिहान ९:३० बजे |
| २८. प्रभुभोज सेवाः | दोस्रो आइतवार सेवा |
| २९. बिहानको आराधनाः | प्रत्येक बिहान ५:०० बजे |
| ३०. कर्मचारी आराधना सेवाः | प्रत्येक बिहान ९:०० बजे |
| ३१. कार्यालय समयः | बिहान ९ देखि बेलुकी ९ सम्म (आइतवार बाहेक) |

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैह्रखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन।** यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागिः**

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, Post Box 2957
CHEPAUK, CHENNAI - 600 005.
Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,
Cell : 98410 71852, 95661 31858
E.mail : biblecor@yahoo.co.in

## Echo of His Call Ministries, Chennai

### WANTED

1. **Principal**
   Nehemiah Bible College
   Eligible : M.Div. (or) M.Th.
2. **Computer Employees**
   Graduate with Computer & Typing Knowledge

Contact :
**Email :sam@echoofhiscall.org**
**WhatsApp : +91-98412 71858**

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्नु हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

“जसले पढ्छ, त्यसले बुझोस्” (मत्ती २४:१५)।

## बोलावटको प्रतिध्वनिको छापाखाना


THE PRINTING PRESS OF ECHO OF HIS CALL!

सन् १९६९-१९७१ वर्षको समयमा जब म सानै थिएँ, मैले परमेश्वरको जन स्वर्गीय पास्टर एस. देभादासनको कार्यालयमा मासिक पत्रिका “उहाँको आगमनको सन्देश” र उहाँको छापाखानामा पनि सबैभन्दा सानो व्यक्तिको रूपमा काम गरेको थिएँ।

प्रभुको सेवकाइमा सतावट र भलाइको बारेमा र प्रभुको सेवा गर्ने तरिकाहरूका बारेमा पनि यो पास्टरले मलाई बताउनुभयो। उहाँले मलाई आधिकारिक र प्रशासनिक कार्यहरू पनि सिकाउनुभयो। मैले उहाँको अडिटर भेदामनीको अधीनमा लेखापालन पनि सिकेको थिएँ।

त्यो समयमा हाम्रो पास्टरले नयाँ छापाखाना किन्नुभएको थियो। त्यहाँ एक जना मात्रै मेकानिक राज हुनुहुन्थ्यो। त्यो हातैले चलाउनुपर्ने पुरानो मोडलको मेसिन थियो। हामीले एक पटक हेण्डल घुमायौं भने हामीले एउटा मात्रै पाना छाप्न सक्थ्यौं। हुनुहुन्थ्यो। उहाँहरूले पत्रिकालाई एउटै मुठा बनाउनुभयो र ती सबैलाई हुलाक कार्यालयमा लैजानुभयो। जब मैले उहाँहरूले त्यो काम गरिरहनुभएको देखें, मैले त्यस्तै प्रकारको सेवकाइ गर्ने चाहना विकास गरें। त्यो समयदेखि सुसमाचारीय छापाखाना भएको धारणा मेरो हृदयमा प्रवेश भएको थियो। मैले धेरै मानिसहरूलाई यसको बिस्तृत कुराको बारेमा सोधिरहेको थिएँ।

एक पटक, म १०० वटा अफसेट प्रिन्टिङ मेसिन लस्करै राखिएको स्थानमा पुगेको थिएँ। त्यो परमेश्वरको जनको थियो। मैले उहाँलाई मेसिनको मोलको बारेमा सोधें। उहाँले जवाफ दिनुभयो, “यो अत्यन्तै धनी मानिसले मात्रै किन्न सक्छ। तपाईंले यो किन्न सक्नुहुन्न। कसैले तपाईंलाई यो अनुदान दियो भने पनि तपाईंले यसलाई धान्न सक्नुहुन्न।” त्यो सुनेर मेरो हृदय तोडिएको थियो। म सिधै मेरो स्थानमा गएँ, घुँडा टेकें र त्यो कुराकानीको बारेमा मेरो परमेश्वरलाई बताएँ।




*Manual Printing Machine*




त्यो कठिन काम भए पनि मैले खुसीसाथ हेण्डल घुमाउँथें। सम्पूर्ण मासिक पत्रिका छाप्नको लागि मैले त्यसलाई ५०,००० पटक घुमाउनुपर्थ्यो। मैले हरेक पटक हेण्डल घुमाउँदा प्रभुलाई प्रशंसा होस् भन्ने गर्थें। त्यसकारण, मैले ५०,००० पटक प्रभुको प्रशंसा होस् भनें। मैले त्यस्तो गर्दा मेरो पास्टरले मलाई हेर्ने गर्नुहुन्थ्यो र उहाँ उत्साहित बन्नुहुन्थ्यो।

उहाँले मलाई पालायामकोट्टाइमा भएको नयाँ जीवन पत्रिकाको कार्यालयमा पनि लैजानुभयो र त्यो छापाखानामा ते पत्रिका कसरी छापिन्थ्यो भनेर मलाई देखाउनुभयो। मैले त्यो पुरानो छापाखाना र मानिसहरूलाई हेरें, जो बस्नुभएको थियो र पत्रिका पट्याउँदै प्रभुले मेरो प्रार्थना सुन्नुभयो। परमेश्वरले मलाई पुरानो छापाखाना दिनुभयो। यस्तै प्रकारको मेसिन दक्षिण अफ्रिकामा ब्लोइमफोन्टेन भन्ने स्थानमा भएको संग्राहालयमा मात्रै पाइन्थ्यो। परमेश्वरले मलाई दिनुभएको छाप्ने मेसिन त्यस्तो पुरानो थियो। त्यो चेन्नाइ, वासरमेन्टपेन्टमा बस्नुहुने भाइ सुन्दरमसँग थियो। उहाँले त्यो प्रयोग गर्न नसक्नुभएको हुनाले उहाँले मलाई त्यो कम मोलमा दिनुभयो। पछि, मेरो सुसमाचारीय छापाखाना सुधार गर्न र विकास गर्न परमेश्वरले मलाई सहायता गर्नुभयो। आज, परमेश्वरले मलाई अटोमेटिक अफसेट छापाखाना दिनुभएको छ, जसबाट हामीले १६ वटा भाषामा भएको हाम्रो **बोलावटको प्रतिध्वनि** पत्रिका छाप्छौं। हामी विभिन्न




*Present Automatic offset Printing Machine*

भाषाहरूमा पनि धेरै आत्मिक पुस्तकहरू पनि छाप्छौं र परमेश्वरको अनुग्रहमा हामीले ती सबै संसारभरि नि:शुल्क पठाउँछौं ।

यो अवस्थामा पुग्नको निम्ति मैले विभिन्न कठिन मार्गहरूबाट भएर गुज्रिएको छु। प्रिय मित्रहरू, के तपाईं पनि कठिन मार्ग भएर गुज्रिरहनुभएको छ ? प्रभु येशू ख्रीष्टले तपाईंलाई दिनुभएको सेवकाइ गर्न उहाँले तपाईंलाई सहायता गर्नुहुनेछ । तपाईं निरास हुनुहुनेछैन ।

**"आँखाले नदेखेका र कानले नसुनेका र मानिसले मनमा नसोधेका, यी नै कुरा परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूका निम्ति तयार पार्नुभएको छ"** (१ कोरिन्थी २:९) । ***

पृष्ठ ७ बाट

## २. परमेश्वरको उपस्थितिको पुनर्स्थापना

विगत तीस वर्षमा, ठूलो संख्यामा परमेश्वरका सेवकहरू खडा भएका छन् । त्यसैले, सेवकाइहरूको संख्या पनि वृद्धि भएको छ । तर असल विचारको साथमा विकास हुनुको साटो अन्योलता र खराब विचार वृद्धि भएका छन् । धेरै वर्षदेखि विशेष कुराको निम्ति प्रार्थना गर्न मानिसहरु मण्डलीहरू र समाजहरूमा अघि आएका छन्। केही आत्माहरू आत्मिक सन्तुष्टिबिना एउटा मण्डलीदेखि अर्को मण्डलीमा भौतारिरहेका छन्। संसारको राजनीतिलाई परिवर्तन गर्न अत्यन्तै शक्तिशाली भएका मण्डलीहरू, त्यसको अघि कामिरहेका छन् ।

परमेश्वरका सेवकहरूको शक्तिशाली प्रचारले मानिसहरूको जीवनमा परिवर्तन ल्याउनुपर्छ र शैतानलाई कमाउँदै भगाउनुपर्छ भन्ने परमेश्वरको चाहना हो । तर सेवकाइको महिमा फिक्का भएको छ, किन ? परमेश्वरले आफ्नो उपस्थिति लैजानुभएको छ भन्ने कुराचाहिँ सत्य हो ।

त्यसैले, हाम्रो निम्तिचाहिँ आत्मसमिक्षा रहेको छ, जहाँ हामीले परमेश्वरको उपस्थिति गुमाएका छौं र कुन अवस्थामा प्रेरितीय अभिषेक हामीबाट लगिएको छ। प्रार्थनाको आत्मा र निवेदनको आत्मा मण्डलीहरू र परिवारहरूमा खन्याइनुपर्छ । जब यो खन्याइन्छ, मानिसहरूले जागृतिको निम्ति पुकारा गर्नेछन्। नष्ट भइरहेको आत्मामाथि भएको बोझले तिनीहरूलाई चोट पार्नेछ र कुनै पनि बलिदान दिएर अगाडि आउन तिनीहरूलाई बनाउनेछ।

समय अहिले नै हो कि हामी जागृतिको साक्षी हुनुपर्छ। यही कारणको निम्ति प्रभुले हामीलाई यो संसारमा यो समयमा जीवित राख्नुभएको छ । सारा मृत कामहरू र स्वार्थी सेवकाइहरूलाई बाहिर निकाल्नुहोस् र प्रभुकहाँ आउनुहोस् र बोझको साथमा जागृतिको महान् कटनीको निम्ति प्रार्थना गर्नुहोस्। काम गर्नलाई आफ्ना गोडालाई अगाडि बढाउनुहोस्। परमेश्वरले तपाईंलाई आशिष् देऊन्।

************

**भजनसंग्रह १२१:७-८**

परमप्रभुले तिमीलाई सबै विपत्तिबाट जोगाउनुहुनेछ, उहाँले तिम्रो प्राणको रक्षा गरिदिनुहुनेछ। तिमी बाहिर जाँदा र भित्र आउँदा परमप्रभुले तिम्रो रक्षा गर्नुहुनेछ, अहिले अनि सदाकालसम्म।

## विशेष प्रार्थनाका आग्रहहरू:

१. **बोलावटको प्रतिध्वनि** सेवकाइले सामना गरिरहेको आर्थिक कठिनाइहरू परिवर्तन होऊन् ।

२. प्रभुको सेवा गर्न उहाँले दर्शनको साथमा मानिसहरू दिनुभएको होस् । हाम्रो चेन्नाइ कार्यालय, भिलेज हाई स्कुल, हाम्रा बाइबल कलेजहरू, सुसमाचारीय छापाखाना, मण्डलीहरू र हाम्रा मिसन क्षेत्रहरूमा पनि हामीलाई समर्पित कर्मचारीहरूको आवश्यकता छ।

३. परमेश्वरको सेवकाइलाई बाधा दिने सारा मानिसहरूले पश्चात्ताप गरून् ।

४. सम्पूर्ण व्यवहारमा आनन्द गर्ने पास्टरहरूले आफ्नो मात्रै विकासको बारेमा नसोचून् तर गाउँमा भएका मण्डलीहरू स्थापना गर्न आफ्ना आर्थिक कुराहरू प्रयोग गरून्, जहाँ मण्डलीहरू छैनन्। परमेश्वरका एक जना जनले भनेका छन्, "परमेश्वरका धेरै महान् सेवकहरूका हातमा भएका प्रयोगमा नआएका पैसा निस्कने हो भने भागतमा मण्डली नभएका गाउँहरूमा एक वा सोभन्दा बढी मण्डलीहरू निर्माण गर्न प्रयोग गरिन सकिन्छ ।" यो कुरालाई आफ्नो मनमा राख्नुहोस् र यसको बारेमा प्रार्थना गर्नुहोस् ।

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/21-23 WPP NO. TN/PMG(CCR)/WPP-220/21-23

## बोलावटको प्रतिध्वनि

### यूट्यूब

जब तपाईंको समय हुन्छ कृपया हाम्रो Echo of His Call You Tube च्यानल हेर्नुहोला र सस्क्राइब गरिदिनुहोला । – सम्पादक

## OUR BANK DETAILS:

### 1. Bank : State Bank of India

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### 2. Bank : ICICI Bank

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### 3. Bank : State Bank of India

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**
*****
**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/21-23**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/21-23**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**
**on 17th APRIL 2023**
**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

**To**

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**